# मालिका गाउँपालिकाको गाउँ सभाको तेहौं अधिवेशनमा प्रस्तुत

# आर्थिक ऐन २०८०

मालिका गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दरवाङ, म्याग्दी

५ असाढ २०८०

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ्ग, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

# मालिका गाउँपालिका
# को
# अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८०

मालिका गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मालिका गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि मालिका गाउँ क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/ घरजग्गा कर लगाइनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै, आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १
## (आर्थिक ऐनको दफा २ सँग सम्बन्धित)

**१.सम्पत्ति कर:**

सम्पत्ती मुल्याङ्कन तथा आय श्रोत प्रमाणितमा निम्नानुसारको सेवा शुल्क लगाईनेछ ।

| सि.नं. | मुल्याङ्कन | आ.व. ०८०।०८१ को प्रस्तावित दर (रु) |
|---|---|---|
| १ | सम्पत्ती मुल्याङ्कन प्रति हजार रुपैंया | १ |
| २ | आय श्रोत प्रमाणित प्रति हजार रुपैंया | १ |

| सि.नं. | करयोग्य सम्पत्तिको मुल्य | वार्षिक दर रु. मा |
|---|---|---|
| १ | रु. एक करोड सम्मको सम्पत्ती मुल्याङ्कनमा | १०००० |
| २ | रु. एक करोड भन्दा माथि २ करोड सम्मको सम्पत्ती मुल्याङ्कनमा | १२५०० |
| ३ | रु. दुई करोड भन्दा माथि ३ करोड सम्मको सम्पत्ती मुल्याङ्कनमा | १५००० |
| ४ | रु. तिन करोड भन्दा माथि ४ करोड सम्मको सम्पत्ती मुल्याङ्कनमा | १७५०० |
| ५ | रु. चार करोड भन्दा माथि ५ करोड सम्मको सम्पत्ती मुल्याङ्कनमा | २०००० |
| ६ | रु. पाँच करोड भन्दा माथिको सम्पत्ती मुल्याङ्कन गर्दा अधिकतममा | २५००० |

## अनुसूची २
## (आर्थिक ऐनको दफा ३ सँग सम्बन्धित)

**१.भूमि कर (मालपोत):**

पाँच रोपनी सम्मको दरवाङ बजारमा न्युनतम रु.१००।- गाउँ क्षेत्रमा रु. ५०।- र त्यस पछिको सवै प्रति रोपनी रु.५।- थप लगाउने तर अधिकतम रु. ५००।- पाँच सय रुपैंया भन्दा माथि हुने छैन ।

## अनुसूची -३
**(आर्थिक ऐनको दफा ४ सँग सम्बन्धित)**

**१. घर बहाल कर:** भाडामा लागेको १० प्रतिशत घर बहाल कर लाग्नेछ ।

## अनुसूची - ४
**(आर्थिक ऐनको दफा ५ सँग सम्बन्धित)**

| सि.नं | व्यवसायको नाम तथा किसिम | आ.व ०८०/०८१ को प्रस्तावित दर रु मा |
|---|---|---|
| | **क. व्यापारिक वस्तु** | |
| १ | डिलर सिप सबै प्रकारका | २४०० |
| २ | डिपार्टमेन्टल स्टोर्स | २००० |
| ३ | सवारी साधन विक्रेता | २५०० |
| ४ | साईकल पसल | १५०० |
| ५ | मोटर साईकल | ३००० |
| ६ | निर्माण समाग्री कम्प्युटर, विद्युत सामान क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ | २५०० |
| ७ | हार्ड वयर पसल सबै प्रकारका | ७५०० |
| ८ | दैनिक उपभोग्य सामान | १००० |
| ९ | दैनिक उपभोगेय सामाको थोक विक्रेता | ३००० |
| १० | किराना पसल(खुद्रा) | १००० |
| ११ | फलफुल तथा तरकारी पसल | १००० |
| १२ | फेन्सी पसल सबै प्रकारका | २००० |
| १३ | सुन पसल-उच्च,मध्यम र सानो | ५०००,४०००, ३००० |

| | | |
|---|---|---|
| **ख. निर्माण व्यवसाय (पालिका भित्र प्रधान कार्यालय भएका)** | | |
| १ | क वर्ग | ७५०० |
| २ | ख वर्ग | ५५०० |
| ३ | ग वर्ग | ४००० |
| ४ | घ वर्ग | ३००० |
| **ग. उत्पादन मुलक उद्योग** | | |
| १ | -मैनवत्ति उद्योग घरेलु | ४०० |
| २ | -कापि उद्योग घरेलु | २००० |
| **घ. कृषि तथा वन जन्य उद्योग** | | |
| १ | कुटानी पिसानी सहितको तेल पेल्ने मिल | २००० |
| २ | कुटानी पिसानी मिल | १५०० |
| ३ | फर्निचर उद्योग | ५००० |
| ५ | पशु दाना उद्योग | १८०० |
| ६ | पोल्ट्री फर्म उच्च | २००० |
| ७ | पोल्ट्री फर्म सानो | १५०० |
| ८ | बंगुर, भैंसी,गाई, बाख्रा पालन व्यवसाय | १५०० |
| ९ | स-मिल | ५००० |
| **ङ. पर्यटन उद्योग** | | |
| १ | होटल ठूलो | ३००० |
| २ | होटल मध्यम | २००० |
| ३ | होटल सानो | १००० |
| ४ | अन्य स-साना चिया खाजा तथा खाना पसल | १५०० |
| ५ | रेष्टुरेण्ट एण्ड वार | २००० |

| | | |
|---|---|---|
| ६ | लज भई डिष्ट्रीलरी सामान बेच्ने | ४००० |
| ७ | गजल रेष्टुरेण्ट (दोहोरी साँझ समेत) | ३५०० |
| **च. सेवा उद्योग** | | |
| १ | अफसेट प्रेस | २००० |
| २ | लेटर प्रेस | १५०० |
| ३ | चलचित्र भिडियो | १००० |
| ४ | सार्वजनिक परिवहन सेवा (गाउँपालिका भित्र प्रधान कार्यालय भएको ) | ५००० |
| ५ | सार्वजनिक परिवहन सेवा (गाउँपालिका भित्र शाखा कार्यालय भएको) | ३००० |
| ६ | फोटोग्राफी | १००० |
| ७ | प्रयोगशाला | १२०० |
| **छ. निर्माण उद्योग** | | |
| १ | सिमेन्ट,ब्लक उद्योग | २००० |
| २ | मेटल/ग्रील उद्योग | ५००० |
| ३ | ईंट्टा उद्योग (चिम्नी भट्टा) | ३५०० |
| ४ | ईंट्टा उद्योग (साधारण भट्टा) | ३००० |
| ५ | अन्य उद्योग | १३०० |
| **ज. संचार सेवा** | | |
| १ | नेपाल टेलिकम टावर शुल्क | १५००० |
| २ | एन सेल टावर शुल्क | १५००० |
| ३ | नीजि मोबाईल सेवा केन्द्र | २००० |
| ४ | नीजि टेलिफोन तथा फ्याक्ससेवा | १००० |
| ५ | फ्याक्स,फोटोकपि तथा प्रिन्टर सेवा | १००० |
| ६ | मोबाईल फोन विक्री मर्मत | १५०० |

| | | |
|---|---|---|
| ७ | कुरियर सेवा | ५०० |
| ८ | साईवर सेवा | १२०० |
| ९ | Screen Print छपाई तथा प्रकाशन | २००० |
| १० | फोन इन्क्वायरी | ८०० |
| | **झ.** वित्तिय सेवा | |
| १ | आर्थिक कारोबार समेत गर्ने  वीत्तीय कम्मनीको मुख्य कार्यालय | १०००० |
| २ | वित्तिय कम्पनिको शाखा कार्यालय | १२५०० |
| ३ | ५० लाख सम्मको आर्थिक कारोवार गर्ने वित्तिय संस्था | ५००० |
| ४ | १ करोड देखि १ करोड ५० लाख सम्मको आर्थिक कारोबार गर्ने वित्तिय संस्था | ७५०० |
| ५ | १ करोड ५० लाख भन्दा माथि आर्थिक कारोबार गर्ने वित्तिय संस्था | १०००० |
| ६ | विमा कम्पनि | ५५०० |
| ७ | विदेशी मुद्रा सटही | २००० |
| ८ | मनि ट्रान्सफर | २५०० |
| ९ | धितो पत्र कारोबार | १५०० |
| १० | सहकारी संस्था/वित्तिय संस्था (साना) | २५०० |
| ११ | सहकारी संस्था/वित्तिय संस्था (मझौला) | ७५०० |
| १२ | सहकारी संस्था/वित्तिय संस्था (ठुला) | १०००० |
| १३ | नीजि क्षेत्रका वाणिज्य बैकहरु | १०००० |
| १४ | नीजि क्षेत्र समेतको स्वामित्त्वमा रहेका बैंकका शाखा कार्यालयहरु | १०००० |
| १५ | विमा कम्मनिका शाखा वा सम्पर्क कार्यालयहरु | ३००० |
| १६ | सर्वेयर सेवा केन्द्र | १३०० |
| | **ञ.** स्वास्थ्य सेवा | |
| १ | गैर सरकारी अस्पताल | २५०० |

| | | |
|---|---|---|
| २ | सामुदायिक अस्पताल | २००० |
| ३ | नीजिस्तरका अस्पताल तथा रिसर्च प्रा.लि | ५००० |
| ४ | नर्सिङ होम | ३००० |
| ५ | होमियोप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक | १००० |
| ६ | औषधी पसल थोक(जनस्वास्थ्य) | ३००० |
| ७ | औषधी पसल खुद्रा (जनस्वास्थ्य) | २००० |
| ८ | औषधी पसल (आयुर्वेदिक) | १२०० |
| ९ | औषधी पसल पशु स्वास्थ्य | १५०० |
| १० | पशु पंक्षी दाना पसल | १३०० |
| ११ | जडिबुटी पसल | १००० |
| १२ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | १५०० |
| १३ | दन्त चिकित्सक रिसर्च | १५०० |
| १४ | पशु चिकित्सक रिसर्च | १००० |
| १५ | कविराज | ७०० |
| १६ | ईन्जिनियर | १५०० |
| १७ | कानुन व्यवसायी | १५०० |
| १८ | लेखापरिक्षक क वर्ग | १५०० |
| १९ | लेखापरिक्षक ख वर्ग | २५०० |
| २० | लेखापरिक्षक ग वर्ग | १००० |
| २१ | लेखापरिक्षक घ वर्ग | ७५० |
| २२ | विमा एजेण्ट | २००० |
| २३ | सर्भेयर | १००० |
| २४ | अनुवादक | ७०० |
| २५ | नोटरी पब्लिक सेवा | ७०० |

| | | |
|---|---|---|
| २६ | अनुसन्धान कर्ता तथा परामर्शदाता भाषा अनुवादक समेत | १००० |
| २७ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १००० |
| २८ | शेयर दलाल | १००० |
| २९ | सामान ढुवानी कर्ता कम्पनि | १६००० |
| ३० | संस्थागत पेण्टर | ५००० |
| | **ट. शिक्षा सेवा** | |
| १ | नीजि क्षेत्रका स्कुल क्याम्पस, विश्वविद्यालय | ५००० |
| २ | नीजि क्षेत्रका क्याम्पस र १०+२ | १००० |
| ३ | नीजि क्षेत्रका मा.वि स्कुल | ५००० |
| ४ | नीजि क्षेत्रका आ.वि स्कुल (१-३) | १५०० |
| ५ | नीजि क्षेत्रका आ.वि स्कुल(१-५ ) | २५०० |
| ६ | नीजि क्षेत्रका आ.वि स्कुल(१-८ ) | ३५०० |
| ७ | नीजि क्षेत्रका होस्टेलहरु | ४००० |
| ८ | तालिम तथा अनुसन्धान केन्द्र | १५०० |
| ९ | प्राविधिक शिक्षालय | ५००० |
| १० | टाइपिङ;कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र संस्था | १५०० |
| ११ | टाइपिङ | १५०० |
| १२ | कम्प्युटर | १४०० |
| १३ | ट्युसन तथा कोचिङ सेन्टर | २००० |
| १४ | भाषा प्रशिक्षण केन्द्र | ४००० |
| | **ठ. मर्मत संभार केन्द्र** | |
| १ | हेभि इक्युवमेन्ट मर्मत केन्द्र | ४००० |
| २ | बस, ट्रक, कार | ५००० |

| | | |
|---|---|---|
| ३ | मोटर साइकल | २५०० |
| ४ | साइकल तथा अन्य | १००० |
| ५ | रेडियो,टेलिभिजन,घडि, प्रेसर कुकर, टेलिफोन सेट, हिटर र विद्युतिय सामान | १५०० |
| ६ | रेडियो तथा टि.भी मर्मत केन्द्र | १५०० |
| ७ | रेडियो तथा घडि मर्मत केन्द्र | ११०० |
| ८ | घडि मर्मत | ८०० |
| ९ | प्रेसर कुकर, हिटर, टेलिफोन सेट, सिलाइ मेसिन मर्मत | ८०० |
| १० | कम्प्युटर, बिजुलिका सामान, क्यामेरा, रेडियो, टेलिभिजन, फर्निसिङ तथा फिनिसिङ पसल | २४०० |
| ११ | फोटोकपि कम्प्युटर विक्री तथा मर्मत | २५०० |
| १२ | अन्य इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स मर्मत | १५०० |
| | **ङ. अन्य सेवा** | |
| १ | विज्ञापन एजेन्सी | १००० |
| २ | वैदेशिक रोजगार सेवा | १५०० |
| ३ | स्वदेशी रोजगार सेवा | १००० |
| ४ | हाउजिङ कम्पनि तथा घर जग्गा खरिद विक्री(रियलस्टेट) | ५००० |
| ५ | ब्युटी पार्लर, केश श्रृंगार | १५०० |
| ६ | ड्राइ क्लिनर्स (Laundry) | १००० |
| ७ | फोटो स्टुडियो | १५०० |
| ८ | साइनवोर्ड पेन्टिङ सेवा | १५०० |
| ९ | पशु बधशाला | ५००० |
| | **ढ. मासु विक्रेता** | |
| १ | मासु कुखुराको | २००० |
| २ | मासु खसि, बोका | २००० |

| | | |
|---|---|---|
| ३ | मासु रांगा, बंगुर | २००० |
| ४ | माछा | १००० |
| **ण. सिलाई** | | |
| १ | टेलर्स (कपडा सहितको) | २००० |
| २ | सिलाई केन्द्र २ भन्दा बढी मेसिन (टेलर्स) | १५०० |
| ३ | सिलाई प्रशिक्षण केन्द्र | २००० |
| **त. माथिको वर्गिकरणमा नपरेका अन्य विविध सेवा व्यवसाय तथा कारोबारहरु** | | |
| १ | कवाडी | २००० |
| २ | जुत्ता पसल उच्च | २००० |
| ३ | जुत्ता पसल साधारण | १५०० |
| ४ | जुत्ता निर्माण तथा मर्मत केन्द्र | १५०० |
| ५ | भांडा पसल उच्च | २५०० |
| ६ | भांडा पसल मध्यम | २००० |
| ७ | भांडा पसल साधारण | १५०० |
| ८ | काठ तथा स्टिल फर्निचर पसल | ३००० |
| ९ | मेसिनरी पार्ट पुर्जा पसल | ३००० |
| १० | हजाम पसल | १००० |
| ११ | ड्राइभिङ इन्स्टीच्युट | २००० |
| १२ | डिजिटल कलर ल्याब | ३५०० |
| १३ | डिजिटल कलर ल्याब मिडियम | २५०० |
| १४ | ल्फेक्स, प्रिन्टर सेवा | १५०० |
| १५ | दुग्धडेरी, सहकारी संस्था, चिया पसल | २००० |
| १६ | दुग्धडेरी | १००० |

| | | |
|---|---|---|
| १७ | दुग्ध चिस्यान केन्द्र | २००० |
| १८ | स्यानिटरी सामानको पसल | १५०० |
| १९ | प्लाष्टिक मेच कुर्चि तथा अन्य सामानको पसल | १००० |
| २० | ग्यांस सिलिण्डर विक्रेता | १००० |
| २१ | कोल्ड ड्रिङस पसल | १००० |
| २२ | उन पसल | १००० |
| २३ | होजियारी उद्योग उच्च | १४०० |
| २४ | होजियारी उद्योग मध्यम | ९०० |
| २५ | होजियारी उद्योग साधारण | ७०० |
| २६ | कस्मेटीक पसल उच्च | २५०० |
| २७ | कस्मेटीक पसल मध्यम | १५०० |
| २८ | कस्मेटीक पसल साधारण | १००० |
| २९ | स्टेशनरी होलसेल | ३००० |
| ३० | स्टेशनरी | १५०० |
| ३१ | मिठाई पसल (मिष्ठान्न भण्डार) | १५०० |
| ३२ | अन्य पसल तथा स-साना पाउरोटी दालमोट, मसला, मैनबत्ति जस्ता घरेलु उद्योग | १००० |
| ३३ | कन्सल्टेन्सी एवं परामर्श सेवा | १४०० |
| ३४ | मेन पावर क. शाखा कार्यालय | २५०० |
| ३५ | कृषि फलफुल तथा वन नर्सरी व्यवसाय | १५०० |
| ३६ | कृषि बिउ विजन भण्डार | १००० |
| ३७ | केबल लाइन प्रशारण | ३५०० |
| ३८ | एफ.एम रेडियो प्रशारण | २५०० |
| ३९ | एफ.एम रेडियो (सामुदायिक) | २५०० |
| ४० | पुल हाउस (इस्नुकर) | १५०० |

| | | |
|---|---|---|
| ४१ | ट्रान्सपोर्ट सेवा | ११०० |
| ४२ | मादल | १००० |
| ४३ | सोलार पावर सप्लायर्स | २००० |
| ४४ | चस्मा मर्मत तथा विक्री केन्द्र | १००० |
| ४५ | पाँच वा सो भन्दा बढी व्यवसाय रहेको प्रा.लि | ७००० |
| ४६ | अन्य विभिन्न प्रकारका प्रा.लि | ३५०० |
| ४७ | दुई देखि चार वटा व्यवसाय रहेको प्रा.लि | ३५०० |
| ४८ | प्लाष्टिक अन्य पसल | २००० |
| ४९ | चाउमिन उद्योग | १५०० |
| ५० | मिनिरल वाटर उद्योग | २५०० |
| ५१ | मिनिरल वाटर होलसेल पसल | १५०० |
| ५२ | पार्टि प्यालेस | २५०० |
| ५३ | आल्मुनियम उद्योग | २५०० |
| ५४ | अन्य पसल | १००० |
| ५५ | व्यवसायिक भिडियो कर प्रति भिडियो | २५० |
| | **थ. पटके व्यवसाय तथा हाट बजार कर** (७ दिन सम्म) | |
| १ | फेन्सी कपडा, प्रति पसल | ४५० |
| २ | ठेका भांडा प्रति पसल | ३०० |
| ३ | माटोको भांडा प्रति पसल | १०० |
| ४ | प्रोभिजनल प्रति पसल | २५० |
| ५ | मादल प्रति पसल | २०० |
| ६ | औजार भाँडा प्रति पसल | १२५ |
| ७ | सुन चाँदी प्रति पसल | ५०० |

| | | |
|---|---|---|
| ८ | चिया नास्ता प्रति पसल | १५० |
| ९ | चुरापोते प्रति पसल | २०० |
| १० | जिरामसला पसल | ४०० |
| ११ | जडिवुटी पसल | २०० |
| १२ | भैंसी, रांगा प्रति गोटा प्रति पटक (घुम्ती) | ५०० |
| १३ | बंगुर प्रति गोटा प्रति पटक (घुम्ती) | १०० |
| १४ | खसी, बोका, भेडा, बाख्रा प्रति गोटा प्रति पटक (घुम्ती) | २५ |
| १५ | हांस कुखुरा (चल्ला बाहेक) प्रति गोटा प्रति पटक(घुम्ती) | २ |
| १६ | तरकारी (घुम्ती) | २०० |
| १७ | खाद्यान्न ठुलो (घुम्ती) | ३०० |
| १८ | खाद्यान्न ठुलो (घुम्ती) | १५० |
| १९ | घुम्ती व्यवसाय अन्य | १०० देखि ३०० |

**पुनश्चः** उपरोक्त अनुसारको व्यवस्था आ.व ०८०/०८१ देखि लागू हुनेछ । माथि उल्लेखित विभिन्न व्यवसायहरुको गापामा पहिलो पटक दर्ता गर्दा प्रमाण पत्र दस्तुर बापत रु.१०००/- थप लाग्नेछ ।

१) कृषि तथा पशुपंक्षी व्यवसायी बाहेक अन्य व्यवसायीले घुम्ती व्यवसाय गरेमा घुम्ती व्यवसाय कर समेत तिर्नुपर्नेछ ।

२) प्रक्रिया नपुगी व्यवसाय दर्ता गरेका व्यवसायीको व्यवसाय दर्ता खारेजी (मेडिकल, आयल निगम, फर्निचर आदी ) गरिनेछ ।

## अनुसूची ५
### (आर्थिक ऐनको दफा ६ सँग सम्बन्धित)

**१. सवारी साधन करः**

| सि.नं. | सवारी साधन किसिम | आ.व ०८०/०८१को प्रस्तावित दर |
|---|---|---|
| १ | बस, ट्रक, लहरी र अन्य हेभि गाडी | ३००० |
| २ | भाडाका कार जिप भ्यान र ट्याक्टर | १५०० |
| ३ | भाडाका टेम्पो पावर टेलर | ३०० |
| ४ | भाडाका मिनिबस, मिनिट्रक | १५०० |
| ५ | नीजि कार, टेम्पो, मिनी बस, ट्रक | ३०० |
| ६ | **पटके सवारी कर (२४ घण्टामा १ पटक)** | |
| | १) नीजि तथा भाडाका ट्रक, बस प्रति पटक | ४० |
| | २) नीजि तथा भाडाका मिनि बस ट्रक प्रति पटक | ३० |
| | ३) नीजि तथा भाडाका मिनि बस ट्रक प्रति पटक | २५ |

## अनुसूची ६
### (आर्थिक ऐनको दफा ७ सँग सम्बन्धित)

**१. विज्ञापन दस्तुर/करः**

गाउँपालिकाबाट कर्मचारी पदपूर्तीका लागि गरिने विज्ञापनमा तपसिल बमोजिमको दस्तुर लगाइनेछ ।

| सि.नं. | तह/पद | आ.व ०८०/०८१को प्रस्तावित दर रु मा |
|---|---|---|
| १ | अधिकृत स्तर वा सो सरह | १००० |
| २ | सहायक स्तर पाचौं वा सो सरह | ७०० |
| ३ | सहायक स्तर चौथो वा सो सरह | ५०० |
| ४ | सवारी चालक वा सो सरह | ४०० |
| ५ | कार्यालय सहयोगी वा सो सरह | ३०० |

गाउँपालिका क्षेत्र भित्र राखिने विभिन्न व्यापारिक विज्ञापन बोर्डहरुमा प्रति स्क्वायर फिट रु.५०.०० विज्ञापन कर लगाउने निर्णय गरियो ।

| सि.नं. | विवरण | आ.व ०८०/०८१ का लागी प्रस्तावित रु मा | |
|---|---|---|---|
| | | नीजि स्थल | सार्वजनिक स्थल |
| १ | बजारको छेउछाउमा प्रति वर्ग फिट | २० | ५० |
| २ | सहायक मार्गमा प्रति वर्ग फिट | १५ | ४० |
| ३ | व्यवसायिक व्यानर प्रति हप्ता | ५० | |
| ४ | व्यवसायसक प्रचार प्रसार गाडिबाट माइकिङ प्रति दिन | १०० | |
| ५ | व्यावसायिक प्रचार प्रसार रिक्साबाट माइकिङ | ५० | |

**नोटः** माथि वर्गिकरण गरिए बमोजिम प्रचार वोर्ड राख्न स्वीकृत दिँदा वोर्ड राख्न खोजिएको स्थल सार्वजनिक भएमा वा सडक मापदण्ड भित्र पर्ने भएमा सार्वजनिक र सो जग्गा नीजि भएमा वा सडक मापदण्ड भित्र नपर्ने भएमा नीजि मानी सोहि बमोजिम कर दस्तुर लगाइने छ ।

## अनुसूची ७
## (आर्थिक ऐनको दफा ८ सँग सम्बन्धित)

**मनोरञ्जन करः**

| सि.नं. | मनोरञ्जनका साधन | आ.व ०८०/८१ को प्रस्तावित दर रु मा |
|---|---|---|
| १. | सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शन स्थल, थियटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २.५ |
| २. | जादु सर्कस, चटक आदिमा प्रतिदिन | ५०० |
| ३. | स्थानीय मेला पर्व कर | |
| | क) ३ दिन सम्म | १००० |
| | ख) ५ दिन सम्म | २५०० |
| | ग) ५ दिन भन्दा माथि | प्रति दिन १००० |

## अनुसूची ८
## (आर्थिक ऐनको दफा ९ सँग सम्बन्धित)

**बहाल विटौरी शुल्कः**

| सि.नं. | विवरण | आ.व ०८०/०८१ को प्रस्तावित दर रु |
|---|---|---|
| १. | गाउँपालिका क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड,(छप्पर) काराखाना जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल रकमको (प्रति वर्ग फिटको) | ५ |
| २. | आफ्नो क्षेत्रमा आफुले निर्माण वा संचालन गरेको हाट बजार वा सार्वजनिक स्थल ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत प्रति वर्गफिट मासिक (सिजन अनुसारको हकमा) | १० |
| ३. | आफ्नो क्षेत्रमा आफूले निर्माण वा रेखदेख वा संचालन गरेको हाट बजार वा सार्वजनिक स्थल ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट मासिक<br>(नियमितका लागि) | १० |

## अनुसूची ९

(आर्थिक ऐनको दफा १० सँग सम्बन्धित)

**पार्किङ शुल्कः**

| सि.नं. | सवारी प्रकार | शुल्क रु. मा |
|---|---|---|
| १ | मोटरसाइकल प्रतिदिन | १० |
| २ | हलुका सवारी साधन प्रति दिन | २० |
| ३ | हेभि सवारी साधन प्रति दिन | ३० |

## अनुसूची १०

(आर्थिक ऐनको दफा ११ सँग सम्बन्धित)

| सि.नं. | सिफारिसको विवरण | आ.व. २०८०।८१ को प्रस्तावित दर रु. मा |
|---|---|---|
| १ | नेपाली नागरिकताको सिफारिस | १५० |
| २ | नाता प्रमाणित (निवेदन दस्तुर) | ३०० |
| ३ | जन्म मिति प्रमाणित | १५० |
| ४ | विवाह प्रमाणित वा अविवाहित प्रमाणित | १५० |
| ५ | अंग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित | ५०० |
| ६ | घर पाताल प्रमाणित | १५० |
| ७ | व्यक्तिगत विवरण प्रमाणित | १५० |
| ८ | जिवितसँगको नाता प्रमाणित | १५० |
| ९ | हकवाला वा हकदार प्रमाणित | १५० |
| १० | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | १५० |

| | | |
|---|---|---|
| ११ | कागज र मञ्जुरीनामा प्रमाणित | १५० |
| १२ | जग्गा मुल्याङ्कन सिफारिस प्रमणित | १५० |
| १३ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १५० |
| १४ | नागरिकताको प्रतिलिपी लिनका लागि सिफारिस | ५०० |
| १५ | बहाल करको लेखाजोखा सिफारिस | १५० |
| १६ | मोहि लगत कट्टाको सिफारिस | १५० |
| १७ | घर जग्गा करको लेखा जोखा गरी सिफारिस | १५० |
| १८ | व्यापार व्यवसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने | १५० |
| १९ | मिलापत्र कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | १५० |
| २० | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस | १५० |
| २१ | पुर्जामा घर कायम गर्ने सिफारिस | १५० |
| २२ | फरक फरक नाम थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | १५० |
| २३ | नाम थर वा जन्म मिति संशोधनको सिफारिस | १५० |
| २४ | जग्गाधनी पूर्जा हराएको सिफारिस | १५० |
| २५ | कित्ताकाट गर्न सिफारिस | १५० |
| २६ | नामसारी गर्न सिफारिस | १५० |
| २७ | मालपोत सिफारिस (दरवाङ बजार र बेनी - दरवाङ सडकमा घर) | १००० |
| २८ | मालपोत सिफारिस (गाउँ क्षेत्र -मालिका गा.पा. का सबै) | ५०० |
| २९ | जग्गाको हक सम्बन्धमा सिफारिस | १५० |
| ३० | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | १५० |
| ३१ | उद्योग ठाउँसारी गर्न सिफारिस | १५० |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरबाङ, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३

| | | |
|---|---|---|
| ३२ | जिवित रहेको सिफारिस | १५० |
| ३३ | विद्यालय खोल्न सिफारिस | १५० |
| ३४ | विद्यालय कक्षा थप गर्न सिफारिस | १५० |
| ३५ | विद्यालय ठाउँसारी गर्न सिफारिस | १५० |
| ३६ | पालनपोषणको लागि सिफारिस | १५० |
| ३७ | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | १५० |
| ३८ | धारा तथा विद्युत् जडानको लागि सिफारिस | १५० |
| ३९ | कोठा खोल्न रोहवरमा बस्ने निवेदनको सिफारिस | १५० |
| ४० | विद्युत् सिफारिस | १५० |
| ४१ | विद्युत् सिफारिस (थ्रिफेज) | ५०० |
| ४२ | नाम संशोधन, नाम छुट तथा दुई नाम सिफारिस | १५० |
| ४३ | स्थायी वा अस्थायी बसोबास सम्बन्धी सिफारिस | १५० |
| ४४ | नाम थर, जन्ममिति संशोधन सिफारिस | १५० |
| ४५ | सम्बन्ध विच्छेदको सिफारिस | ३०० |
| ४६ | फुकुवा सिफारिस | १५० |
| ४७ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ५०० |
| ४८ | नक्कल प्रमाणित दस्तुर (मालपोत रसिद समेत) | १५० |
| ४९ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल प्रतिलिपि | १०० |
| ५० | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २०० |
| ५१ | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) १००० वर्ग फिट सम्म रु.२००० सो भन्दा बढी भएमा प्रति वर्ग फिट रु.१ का दरले थप | २००० |
| ५२ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | १००० |
| ५३ | निजी क्षेत्रका रुख कटान सिफारिस | १५० |
| ५४ | मिलापत्र दस्तुर | १५० |

| | | |
|---|---|---|
| ५५ | नाबालक परिचयपत्र सिफारिस | १५० |
| ५६ | घटना दर्ताः- जन्म, मृत्यु, विवाह जस्ता सिफारिस | १५० |
| ५७ | विभिन्न दलित, जनजाति तथा थर प्रमाणित | १५० |
| ५८ | कर किलियर सिफारिस नेपाली | १५० |
| ५९ | पारिवारिक विवरण | १५० |
| ६० | खानेपानी सम्बन्धि सिफारिस | १५० |
| ६१ | योजना सिफारिस | १५० |
| ६२ | उद्योग सिफारिस (साना) | ५०० |
| ६३ | उद्योग सिफारिस (मझौला) | १००० |
| ६४ | उद्योग सिफारिस (ठूला) | १५०० |
| ६५ | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस | |
| | (क) पुर्व आ.वि.(१ देखि ३) | १००० |
| | (ख) आ.वि.(१ देखि ५) | १५०० |
| | (ग) आ.वि.(१ देखि ८) | २००० |
| | (ग) मा.वि. | २५०० |
| | (घ) स्नातक तह | ३००० |
| ६६ | वैदेशिक प्रायोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस | ५०० |
| ६७ | चारकिल्ला प्रमाणित | २५० |
| ६८ | ग्रामिण क्षेत्रका क्षेत्रका घरबाटो सिफारिस | १५० |
| ६९ | बजारक्षेत्रका घरबाटो सिफारिस | ५०० |
| ७० | संस्था दर्ता सिफारिस | ५०० |
| ७१ | घर ढलान गर्दा बाटो सम्बन्धी सिफारिस | १५० |
| ७२ | माथि उल्लेखित बाहेकका सबै किसिमका सिफारिसहरु | १५० |
| ७३ | भवन निर्माण प्रतिलिपी | ३००० |

| | | |
|---|---|---|
| ७४ | नक्सा प्रमाणित | १००० |
| ७५ | व्यवसाय दर्ता सिफारिस | ३०० |
| ७६ | मुचुल्का प्रमाणित | ५०० |
| ७७ | यस विवरणमा नपरेका बाहेक सिफारिस प्रकृति | २५० - ५०० |
| ७८ | डोजर/स्काभेटर वार्षिक | १०००० |
| ७९ | शिक्षक भर्ना अनुमतिका लागि सिफारिस - मा.वि. तह | २५०० |
| ८० | शिक्षक भर्ना अनुमतिका लागि सिफारिस - आधारभूत तह (कक्षा ६- ८) | २००० |
| ८१ | शिक्षक भर्ना अनुमतिका लागि सिफारिस - आधारभूत तह (कक्षा १- ५) | १५०० |
| ८२ | शिक्षक भर्ना अनुमतिका लागि सिफारिस - कर्मचारी तर्फ | १००० |
| ८३ | गैर सरकारी संस्था दर्ता कार्य सिफारिस | ५००० |
| ९० | गैर सरकारी संस्था दर्ता कार्य नविकरण सिफारिस | २००० |
| ९१ | गैर सरकारी संस्था कार्य अनुमतिको लागि | ५००० |
| ९२ | सरसफाई शुल्क | ५०-२०० |
| ९३ | जन्म दर्ता दस्तुर | २०० |
| ९४ | मृत्यु दर्ता दस्तुर | २०० |
| ९५ | विवाह दर्ता दस्तुर | २०० |
| ९६ | बसाई सरि आउने दस्तुर | २०० |
| ९७ | बसाई सरि जाने दस्तुर | २०० |
| ९८ | प्रतिलिपी सबै घटनाको दस्तुर | ५०० |
| ९९ | सम्बन्ध विच्छेद दस्तुर | २०० |
| १०० | नक्सा पास निवेदन फारम | १५० |
| १०१ | नक्सा पास - भुइ तला र पहिलो तलामा प्रति वर्ग फिट | ६ |
| १०२ | नक्सा पास - दोस्रो तलामा प्रति वर्ग फिट | ८ |

| | | |
|---|---|---|
| १०३ | नक्सा पास - तेस्रो र चौथो तलामा प्रति वर्ग फिट | ५० |
| १०४ | नक्सा पास - बजार क्षेत्रमा निर्माण हुने पर्खालको प्रति वर्ग फिट | १५० |
| १०५ | अभिलेखिकरण दस्तुर | १० |
| १०६ | अभिलेखिकरण दस्तुर -भुई तला/पहिलो तलामा वर्ग फिट | १२ |
| १०७ | अभिलेखिकरण दस्तुर - दोश्रो तला/ पहिलो तलामा वर्ग फिट | १६ |
| १०९ | ईजाजत दस्तुर - दरबाङ्ग बजारको किनारमा बन्ने घरहरुको | ५०० |
| ११० | ईजाजत दस्तुर - अन्य ग्रामीण सडक किनारमा बन्ने घरहरुको | ३०० |
| १११ | ईजाजत दस्तुर - अन्य क्षेत्रमा बन्ने घरहरुको | २०० |
| ११२ | ईजाजत दस्तुर - पक्की घर निर्माण ईजाजत दिदा निश्चित एरिया १००० व.फि. सम्म | ५००० |
| ११३ | ईजाजत दस्तुर - १००० व.फि.सो भन्दा माथिको क्षेत्रफल भएको घरमा | १०००० |
| ११४ | छेरछेरे सभाहल भाडा (प्रतिदिन रु. १५००।०० थप) | ३००० |
| ११५ | वडा कार्यालय हल भाडा | १००० |

**नोटः**

- गाउँपालिका क्षेत्र भित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्बन्धी, आर्थिक अवस्था कमजोर भई निःशुल्क उपचार सम्बन्धी सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिस दस्तुरमा मात्र छुट दिईनेछ ।
- घटना दर्ताको हकमा घटना घटेको ३५ दिन भित्र कुनै शुल्क लाग्ने छैन । ३५ दिन भन्दा बढी भएमा रु. २००।०० लाग्नेछ ।
- व्यवसाय कर अश्विन मसान्त भित्र बुझाएमा २०% र पौष मसान्त भित्र कर बुझाएमा १० प्रतिशत छुट हुनेछ ।
- मालपोत लगाएत अन्य कर दस्तुर सोहि आ.व.मा नबुझाउने करदाताहरुलाई गत बर्षको करको दरमा पौष मसान्त सम्म १० प्रतिशत र पौष मसान्त पछि २० प्रतिशत जरिवाना लाग्नेछ ।
- यस मालिका गाउँपालिकामा रहेका व्यक्ति, फर्म, संघ संस्था, कम्पनीहरुले गाउँपालिकासँग सम्बन्धित कार्यहरु गर्नका लागि यस गाउँपालिकामा सुचीकृत तथा वार्षिक रुपमा नविकरण/अद्यावधिक गर्न सुचीकृत/ नविकरण शुल्क स्वरुप रु. १०००।(अक्षरुपी एक हजार रुपैंया मात्र) लिने ।

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दरबाङ्ग, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३